आज मिति २०८० साल भाद्र १७ गते आइतबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०३/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | जानुमाया राई |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | जैवाहादुर |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१. कृषि उपज सङ्कलन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाभित्र उत्पादन हुने कृषि उपज सङ्कलन गरी बिक्री वितरण गर्न सम्भाव्यता अध्ययनको लागि तपसिल बमोजिमको सदस्यहरु रहने गरी कृषि उपज सङ्कलन अध्ययन कार्यदल गठन गर्ने, कार्यदलले १५ दिनभित्र प्रतिवेदन कार्यपालिकामा पेश गर्ने र सो सम्बन्धि कार्यविधि तथा मापदण्ड समेत कार्यदलले निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री राजेश कुमार राजभण्डारी (गा.पा. उपाध्यक्ष)- | संयोजक |
| २. श्री पुरुषोत्तम राजभण्डारी (१ नं. वडा अध्यक्ष)- | सदस्य |
| ३. श्री नन्द कुमार तामाङ (२ नं. वडा अध्यक्ष)- | सदस्य |
| ४. श्री टेकेन्द्र राजभण्डारी (३ नं. वडा अध्यक्ष)- | सदस्य |
| ५. श्री भक्त बहादुर तामाङ (४ नं. वडा अध्यक्ष)- | सदस्य |
| ६. श्री टंकराम राई (५ नं. वडा अध्यक्ष)- | सदस्य |
| ७. श्री सुनिल राई (६ नं. वडा अध्यक्ष)- | सदस्य |
| ८. श्री अरुण राई (७ नं. वडा अध्यक्ष)- | सदस्य |
| ९. श्री जानुमाया राई (कार्यपालिका सदस्य)- | सदस्य |
| १०. श्री गोपी तामाङ (कार्यपालिका सदस्य)- | सदस्य |
| ११. श्री प्रमोद कुमार राजभण्डारी (कृषि तथा पशु सेवा शाखा प्रमुख)- | सदस्य सचिव |

**सल्लाहकार समिति**

१. श्री गीरेन्द्र बहादुर राई (गा.पा. अध्यक्ष)
२. श्री रेख बहादुर थापा (प्र.प्र.अ.)
३. श्री पङ्कज आचार्य (आर्थिक प्रशासन शाखा प्रमुख)

**२. यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालयमा रहेका यान्त्रिक उपकरण तथा साधनहरुको संचालनको लागि बनेको यान्त्रिक उपकरणहरु संचालन सम्बन्धि कार्यविधि, २०७५ (दोस्रो संशोधन- २०८०/०५/१७) तपसिल बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) एस्काभेटर मेसिन

| | | | | | |
|---|---|---|---|---|---|
| | *(अपरेटर सहित तर इन्धन बाहेक)* | | | | |
| क्र.सं. | कामको प्रकार | भाडा दरप्रति घण्टा | | | कैफियत |
| | | मेसिन | ब्रेकर | अपरेटर | |
| | *(अपरेटर र इन्धन सहित)* | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना (१५ प्रतिशत ओभरहेड सहित) | ६,६७०।- | ७,८२०/- | २५०।- | |

**३. करार सेवा थप सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८० साउन ३० गते बसेको गाउँ कार्यपालिका बैठक नं. ०२/०२/२०८०/०८१ को प्रस्ताव तथा निर्णय नं. २ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक, रोजगार सहायक र प्राविधिक सहायक बाहेक अन्य करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार सेवा अवधि मिति २०८० असोज मसान्तसम्म थप गरिएकोमा सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौंको प.सं. २०८०/८१, च.नं. ६१, मिति २०८०/०५/०१ को पत्रानुसार प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको ४ वर्षको अवधि समाप्त भई साविकको लागतमा थप नहुने गरी १ वर्ष अवधी थप भएको भनी पत्र प्राप्त भएकोले सोही बमोजिम सूचना प्रविधि अधिकृत सिजन राईको मिति २०८० साउन १ गतेबाट लागू हुने गरी मिति २०८१ असार मसान्तसम्म करार सेवा थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. निजी जग्गा सरकारी निकायको लागि निःशुल्क प्राप्ती सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ को दफा ५ बमोजिम ऐसेलुखर्क गाउँपालिका वा वडा कार्यालयहरुको नाममा निजी जग्गा निःशुल्क प्राप्तीको लागि निम्न जग्गाधनीहरुबाट मन्जुरीनामा समेत प्राप्त भएकोले रजिष्ट्रेशन पास गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | जग्गाधनीको नाम, थर | ठेगाना | कित्ता नं. | प्राप्त गर्ने निकाय | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पृथ्वी बहादुर राई<br>ईश्वर धन राई<br>अमृत बहादुर जोगी | ऐसेलुखर्क-१ | ४३२ | १ नं. वडा कार्यालय | २-२-२-२ | |
| २. | कालीदास राजभण्डारी | ऐसेलुखर्क-३ (साविक-५) | २९६ र २९७ | ३ नं. वडा कार्यालय | २-०-०-० | वडा कार्यालय भवन निर्माण |
| ३. | बटुमाया तामाङ | ऐसेलुखर्क-४ (साविक-८) | ३११ | ४ नं. वडा कार्यालय | ०-४-०-० | |
| ४. | बिन्द माया तामाङ | ऐसेलुखर्क-४ | १६९ | ४ नं. वडा | ०-८-०-० | साझा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | (साविक-९) | | कार्यालय | | सुविधा घर निर्माण |
| ५. | बृहस्पति राई | ऐसेलुखर्क-५ (साविक-६) | २५ | ५ नं. वडा कार्यालय | ०-११-०-० | वडा कार्यालय भवन निर्माण |
| ६. | गुसी लक्ष्मी राई | ऐसेलुखर्क-५ (साविक-६) | २४९ | ५ नं. वडा कार्यालय | ०-४-०-० | वडा कार्यालय भवन निर्माण |
| ७. | मान सिंह राई | ऐसेलुखर्क-५ (साविक-६) | १४४ | ५ नं. वडा कार्यालय | ०-१०-०-० | वडा कार्यालय भवन निर्माण |
| ८. | फुल कमल राई | ऐसेलुखर्क-७ (साविक-४) | ६९९ | ७ नं. वडा कार्यालय | लम्बाई-१८ मिटर, चौडाइ-१२ मिटर | |
| ९. | चित्रमनि राई | ऐसेलुखर्क-७ | ५६२ | ७ नं. वडा कार्यालय | लम्बाई-१० मिटर, चौडाइ-१० मिटर | |
| १०. | दान बहादुर दाहाल | ऐसेलुखर्क-७ (साविक-३) | ५८० | ७ नं. वडा कार्यालय | लम्बाई-११ मिटर, चौडाइ-१० मिटर | |

**५. कानुन बमोजिमको प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको इजलास नं.-२ मुद्दा नं. ०८०-W0-०००३ को सम्बन्धमा ऐसेलुखर्क गाउँपालिका तथा गाउँ कार्यपालिका, खोटाङ, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा युवा तथा खेलकुद शाखा, ऐसेलुखर्क गाउँपालिका, खोटाङको तर्फबाट कानुन बमोजिमको प्रतिनिधिको लागि अधिवक्ता ओम प्रकाश घिमिरे (प्र.प.नं. १७६१०) लाई प्रतिनिधि तोकी वारेस नामा दिने सर्वसम्मत निर्णय गरियो ।

**६. कार्यविधि संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिको विद्यालय सञ्चालन कार्यविधि, २०७९ तपसिल बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

गीरेन्द्र बहादुर राई
गाउँपालिका अध्यक्ष

तपसिल

| परिच्छेद र दफा | भएको | संशोधित |
|---|---|---|
| परिच्छेद-९, दफा-५८ (३) | स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन । | स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक जिल्लाबाट अर्को जिल्लामा सरुवा जानको लागि सरुवा सहमती दिइने छैन । |

७. डि.पि.आर. सम्बन्धमा ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा तपसिल बमोजिम अनुसारको कार्यक्रमहरुको डि.पि.आर. शीर्षकबाट डि.पि.आर. गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. महेश्वरी फटाक्सी (साविक-३) देखि ज्यामिरे माथिल्लो सल्ले (साविक-१) सडक
२. गुँरास पार्क निर्माण
३. आवश्यकता अनुसार अन्य योजनाहरु

८. शिक्षक सरुवा सम्बन्धमा ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा श्री शिशु मा.वि. ऐसेलुखर्क-५ महेश्वरीमा नि.मा.वि. तृतीय श्रेणी, अङ्ग्रेजी विषयमा मिति २०७९/१०/२० मा स्थायी नियुक्ती लिई कार्यरत रहेका श्री लक्ष्मी बस्नेत (त्रिवेणी गा.पा.-१, सल्यान) लाई जिल्लान्तर सरुवा जान सरुवा सहमती दिने सर्वसम्मत निर्णय गरियो ।

९. विपद राहत उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०८०/०५/०७ गते परेको अविरल वर्षाका कारण क्षती हुन पुगेका तपसिल बमोजिमका व्यक्तिहरुलाई ऐसेलुखर्क गाउँपालिका विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को २१ (ख) बमोजिम विपद कोषबाट राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. नर बहादुर खड्का- रु.१०,०००/-
२. तेजे कामी- रु.१०,०००/-

१०. बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा तपसिल बमोजिमको योजना/आयोजना सञ्चालनको लागि विविध योजना सञ्चालन शीर्षकबाट बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. वनगाउँ साविक ८ र ९ मिल खरिद तथा व्यवस्थापन- रु.२,५०,०००/-

२. नावा लिदिङ खोला लघु जलविद्युत आयोजना मर्मत- रु. २५,०००/-

**११. शिक्षकहरुको दरबन्दी मिलान तथा कामकाजमा खटाउने सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँ शिक्षा समितिको मिति २०७९ फागुन १४ गतेको प्रस्ताव तथा निर्णय नं. ४ मा निर्माण गरिएको शिक्षक दरबन्दी मिलान मापदण्ड समेतलाई आधार मानी ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको , विद्यार्थी संख्या र शिक्षकहरुको अनुपातमा दरबन्दी मिलान गर्दा तपशिलका शिक्षकहरुलाई अर्को व्यवस्था नभएसम्मको लागि खटिएकै विद्यालयबाट तलब भत्ता पाउने गरी तपशिल बमोजिम कामकाजमा खटाउने सर्वसम्वत निर्णय गरियो ।

| क्र.सं. | शिक्षकको नाम,थर | हाल कार्यरत विद्यालय | कामकाजमा खटाईएको विद्यालय | दरबन्दीको प्रकार |
|---|---|---|---|---|
| १ | सुमन दाहाल (प्रा.शि.तृ.-राहत) | श्री धनकन्या प्रा.वि., ऐसेलुखर्क-१ राखा वाङ्देल | श्री रावाथुम प्रा.वि., ऐसेलुखर्क-१ राखा वाङ्देल | प्रा.वि. राहत |